ISPAN

# वार्षिक प्रगति प्रतिवेदन २०६७/०६८

**आदरणीय सदस्य महानुभावहरु**

आज हामी इन्टरनेट सेवा प्रदायक संघ नेपाल (ISPAN) को १० औं बार्षिक साधारण सभाको क्रममा छौं । इन्टरनेटको माध्यमबाट जनताको आर्थिक स्तर उकास्ने सामाजिक भावना सहित नीति स्तरबाट स्थापित इन्टरनेट सेवा प्रदायकहरुले आफ्नो सामुहिक हक हित संरक्षण र संवर्द्धन गर्न छाता संगठनको आवश्यकता महशुस गरि वि.सं. २०५८ मा गैरनाफामूलक गैरसरकारी संस्थाको रुपमा यस इन्टरनेट सेवा प्रदायक संघ नेपाल (ISPAN) को स्थापना भएको हो ।

निजी क्षेत्रबाट स्थापित इन्टरनेट सेवा प्रदायकहरुको छाता संगठनको रुपमा यसले आफ्ना सदस्यहरुको हितमा आवाज उठाउँदै आएकोछ । यस क्रममा संघले नेपाल दूरसंचार प्राधिकरण, सूचना तथा संचार मन्त्रालय, गृह मन्त्रालय, नेपाल प्रहरी जस्ता सरकारी निकाय, इन्टरनेट सोसाइटी नेपाल, कम्प्युटर एसोसिएसन नेपाल, उद्योग बाणिज्य महासंघ जस्ता अन्य पेशागत तथा गैरसरकारी संस्था तथा नेपाल दूरसंचार कम्पनी लिमिटेड (एनटीसी), एनसेल प्रा.लि. लगायतका अन्य स्तरमा स्थापित सेवा प्रदायकहरुसँगको सहकार्यमा आफ्ना गतिविधि संचालन गर्दै आइरहेकोछ ।

संघले इन्टरनेट सम्बन्धी नीति, नियम तथा कानुन तर्जुमा गर्न आवश्यक पहल गरी सम्बन्धित निकायलाई सुझाव तथा सहयोग गर्दै आएकोछ । राज्यले निर्धारण गरेको नीति, नियम तथा कानुनको परीधि भित्र रहि देशमा एउटा स्वस्थ्य इन्टरनेट उद्योगको स्थापना गर्न संघ प्रतिवद्ध छ ।

**सचिवालय संचालनको सन्दर्भमा**

**इन्टरनेट सेवा प्रदायक संघ नेपाल (ISPAN)** ले २०६७/२०६८ का लागि लोटस बीजपोर्ट प्रा.लि.बाट आफ्नो सचिवालय सेवालाई निरन्तरता दिएको छ । यस सेवाका लागि संघले लोटस बीजपोर्ट प्रा.लि. लाई भ्याट बाहेक वार्षिक रुपमा ९६,००० रुपैयाँ भुक्तानी गर्ने गरेकोछ । सचिवालयको प्रमुख जिम्मेवारीहरुमा दैनिक कार्यसम्पादन, बैठकहरुको संयोजन, पत्राचारहरुको अभिलेख राख्ने, बैठक पुस्तिका र अन्य महत्वपूर्ण सामाग्रीहरु तयार पार्ने, आर्थिक अभिलेख राख्ने र अन्य क्रियाकलापहरुमा कार्यसमिति सदस्यहरुलाई अवगत गराउने, जस्तैः सेमीनार, कार्यशाला वा तालिम कार्यक्रमहरु आयोजना गर्ने कुरा पर्दछ ।

लोटस बीजपोर्ट प्रा.लि.का विनोद जोशीलाई **इन्टरनेट सेवा प्रदायक संघ नेपाल (ISPAN)** को कार्यालय व्यवस्थापकका रुपमा नियुक्त गरिएको छ । निज जोशी सरकारी र गैह्रसरकारी निकायहरुलाई अंग्रेजी र नेपालीमा चिट्ठीपत्रको मस्यौदा

तयार पार्ने, विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय गर्ने तथा कानुनी कामहरु व्यवस्थापन गर्ने आदि कामका लागि जिम्मेवार हुनुहुन्छ ।

यस संघलाई विविध कानुनी सल्लाह तथा परामर्श उपलब्ध गराउनकालागि साइबर कानुन विज्ञ अधिवक्ता बाबुराम अर्याललाई संघको कानुनी सल्लाहकारको रुपमा नियक्त गरी संघले विविध कानुनी सल्लाह तथा परामर्श लिदै आएकोछ । साथै, संघको तर्फबाट विविन्न मुद्दाहरुमा बहस पैरवी समेत गर्नुभएकोछ ।

**सदस्यता नविकरण तथा थप सम्बन्धमा**

आर्थिक बर्ष २०६७/२०६८ मा देहाय बमोजिमका तीन नयाँ सदस्यहरु इन्टरनेट सेवा प्रदायक संघ नेपाल (ISPAN) मा थपिएका छन् :

- नेटम्याक्स प्रा.लि., र
- क्लासिकटेक इन्टरनेशनल प्रा.लि. ।
- चेरी वर्ल्ड कम्युनिकेशन प्रा. लि.

**कार्यसमिति बैठक तथा निर्णयहरु**

कार्यसमितिका बैठकहरु पाक्षिक रुपमा हरेक बुधबार आफ्नै कार्यालय सानेपामा र अन्य केही स्थानहरुमा पनि भएका छन् । जम्मा ४२ वटा बैठकहरु भएका थिए र प्रत्येक बैठकले आईएसपीहरुसँग सम्बन्धित विविध मुद्दाहरुमा छलफल गरेको छन् र उपयुक्त निर्णयहरु गर्न पनि प्रभावकारी भएका छन् । बैठकले संघका सदस्यहरुको फाइदाका लागि तर्जुमा गर्नुपर्ने योजना, नीति बनाएको र कानुनी पाइलाहरु पनि चालेको छ ।

**यस वर्षका कार्यक्रम तथा गतिविधिहरु**

सदस्य महानुभावहरु,

यस वर्ष यस संघका सदस्य इन्टरनेट सेवा प्रदायक कम्पनीहरुकालागि अत्यन्त चुनौतिपूर्ण रह्यो । यस सम्बन्धमा तल विस्तारमा चर्चा गर्न चाहन्छु ।

**क. एडीएसएल (ADSL) प्रविधि सम्बन्धी विवाद र संघको पहल**

नेपाल दूरसंचार कम्पनी लिमिटेडका टेलिफोन ग्राहकहरुलाई एडीएसएल (ADSL) प्रविधिबाट यस संघका सदस्य सेवा प्रदायकहरुले पनि इन्टरनेट सेवा उपलब्ध गराउन पाउनुपर्ने भन्ने संघको निवेदनमा नेपाल दूरसंचार प्राधिकरणले संघका सदस्यहरुको हितमा फैसला गऱ्यो । तर, नेपाल दूरसंचार कम्पनी लिमिटेडले प्राधिकरणको निर्णयलाई लत्याउँदै अटेरी गरी बस्यो । यस संघले विभिन्न कानुनी परामर्श तथा सल्लाहलाई मध्येनजर गर्दै एडीएसएल (ADSL) प्रविधिबाट ग्राहकलाई इन्टरनेट सेवा प्रदान गर्न यस संघका सदस्य कम्पनीहरुले पाउनुपर्ने अन्तरिम आदेश माग गर्दै पाटन पुनरावेदन अदालतमा संघका सदस्य कम्पनीहरु मार्फत मुद्दा दायर गरियो । तर, यस मुद्दामा सम्मानित अदालतले प्रस्तुत विषय व्यवसायीक प्रकृतिको भएकोले आपसी समझदारीमा सुल्झाउन सुझाव दिदै अन्तिम फैसला गरेकोछ । यस मुद्दामा संघको तर्फबाट बरिष्ठ अधिवक्ता बद्रीबहादूर कार्की, अधिवक्ता सतिशकृष्ण खरेल र यस संघका कानुनी सल्लाहकार अधिवक्ता बाबुराम अर्यालले प्रतिनिधित्व गर्नुभएकोथियो ।

**ख. नेपाल दूरसंचार प्राधिकरणको अनुमति पत्र संशोधन गर्ने प्रस्ताव र संघको विरोध**

नेपाल दूरसंचार प्राधिकरणको नीजि सेवा प्रदायकहरुलाई इन्टरनेट सेवा प्रदान गर्न जारी गरिएको अनुमति पत्र संशोधन गरी सेवा प्रदायकलाई ग्राहकहरुलाई वितरण गरिएको सेवामा अनुगमन गर्ने, केहि विषयवस्तुमाथि सेन्सर गर्ने, केहि वेवसाइट बन्द गर्ने र यस्ता कार्यमा सेवा प्रदायक उत्तरदायी हुने प्रस्ताव गऱ्यो । यस प्रस्तावले सेवा प्रदायकहरुलाई त्रसित बनायो ।

यस प्रस्ताव संविधानले प्रदान गरेको अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति विपरित भएको भनि सवत्र आलोचना भयो । यस क्रममा इन्टरनेट सोसाइटी, आर्टिकला १९, इन्फर्मेशन फर्स्ट, सूचनाकोहककालागि नागरिक अभियानले विशेष चासो देखाए । इन्टरनेट सोसाइटी नेपाल च्याप्टर र इन्फर्मेशन फर्स्टले मितिः २०६७।५।२७ मा होटल हिमालयमा “साइबरस्पेशमा अभिव्यक्ति स्वतन्त्रता र नेपालमा इन्टरनेट नियमनको कानुनी व्यवस्था” शिर्षकमा एक कार्यक्रम आयोजना गरी प्रस्तावित व्यवस्थाको विश्लेषण गर्ने काम गरे । छलफलमा विज्ञहरुले प्राधिकरणको प्रस्ताव संविधान विपरित भएको निष्कर्ष निकाले ।

यसै सन्दर्भमा, सूचना तथा संचार मन्त्रालयका सचिव शुशिल घिमिरे, विज्ञान तथा प्रविधि सचिव डा. रामहरि अर्याल, नेपाल दूरसंचार प्राधिकरणका अध्यक्ष भेषराज कँडेल, प्रमाणिकरण नियन्त्रक राजनराज पन्त सहित संघको बैठक अन्नपूर्ण होटलमा बस्यो । उक्त बैठकले समेत इन्टरनेटको नियमन जिम्मेवार ढंगले गरिनुपर्ने निष्कर्ष निकालियो । संघले सेवा प्रदायकको अनुमति पत्र प्रस्ताव बमोजिमको किन नहुनुपर्ने भनि प्रत्युत्तर प्राधिकरणलाई पेश गऱ्यो । अन्ततः प्राधिकरण संविधानले व्यवस्था गरेको वैध सीमा भित्र रहि इन्टरनेट नियमन गर्ने भन्ने निष्कर्षमा सहमत भयो । यस क्रममा सहयोग गर्ने विभिन्न व्यक्ति तथा संस्थाहरुलाई यस संघ धन्यवाद दिन चाहन्छ ।

**ग. प्राधिकरण तथा नेपाल प्रहरिबाट MRTG माग तथा संघको प्रतिकृया**

विगत देखिनै प्राधिकरण तथा प्रहरिबाट समय समयमा MRTTG Graph माग भइआएकोमा यस संघले आफ्नो ग्राहक सम्बन्धी सूचना ग्राहकको संविधानले प्रदान गरेको गोपनियताको अधिकार पर्छ भन्ने मान्यताकासाथ उक्त निकायहरुलाई उपलब्ध गराइएको थिएन । तर, सम्बन्धित निकायबाट बारम्बार अपराध अनुसन्धानको क्रममा यस्तो ग्राफ जरुरी भएको भन्ने कारण दर्शाउँदै माग भएबाट कानुन सम्मत हिसाबले उक्त ग्राफ दिने निश्कर्ष निकालिएको थियो ।

**घ. अवैधानिक अन्तर्राष्ट्रिय कल टर्मिनेशन (Call Bypass) र संघको धारणा**

संघ र संघका सदस्यहरुकालागि पछिल्ला दिनहरुमा सवैभन्दा चुनौतिपूर्ण विषयको रुपमा अवैधानिक अन्तर्राष्ट्रिय कल टर्मिनेशनको विषय भएकोछ । नेपाल प्रहरिको केन्द्रीय अनुसन्धान व्यूरोको अपरेशन भ्वाइस फक्सको सिलसिलामा गैरकानुनी रुपमा संचालन गरेको कलबाइपास सम्बन्धी घटनाहरुमा सेवा प्रदायकका कर्मचारी तथा उच्च अधिकारीलाई पक्राउ गरी हास्यास्पद विगो कायम गरी मुद्दा चलाउने कार्यभएबाट यस उद्योग भयभित भएकोछ ।

यस समस्याको समाधानकालागि विभिन्न तहमा छलफल तथा पहल भएकाछन् । सदस्य कम्पनी नाम्चे नेटवर्कका प्रमुख कार्यकारी अधिकृत शिरिष कर्माचार्यको पक्राउले यस संघको गम्भिर ध्यानाकर्षण भएको थियो । यस क्रममा संघले तात्कालिन संचार मन्त्रि शंकर पोखरेल, गृह मन्त्रि भिम रावल, व्यूरोका निर्देशक राजेन्द्र सिंह भण्डारी तथा नियमक संस्था नेपाल दूरसंचार प्राधिकरणमा पटक पटक छलफल गरी आफ्नो कुरा राखिएकोथियो । यस सिलसिलामा संघले नेपाल दूरसंचार प्राधिकरणसमक्ष आफ्ना जायज माग प्रस्तुत गरेको थियो । तर, प्राधिकरण तथा अन्य निकायबाट संघको गुनासोलाई सम्बोधन नभएबाट संघले प्राधिकरण घेराउ गर्ने र मिति २०६७।१२।२७ गते दिनको ठिक १ देखि २ बजेसम्म करिव एक घण्टा इन्टरनेट ब्राउजिङ सेवा बन्द गर्न बाध्य भएको थियो । यस्तो विरोधको कार्यक्रमका सम्बन्धमा संघले विभिन्न मितिमा कान्तीपुर तथा अन्य राष्ट्रिय दैनिक पत्रपत्रिकाहरुमा प्रेस विज्ञप्ती प्रकाशित गरि उपभोक्ताहरुलाई जानकारी गराएको थियो । यसै क्रममा मिति २०६७/१२/२९ गते यस संस्थाको हकहितको पक्षमा विरोध स्वरुप कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) ले एक पत्रकार सम्मेलनको आयोजना गरी प्रेस वित्रप्ती निकालेको थियो ।

**पत्रकार सम्मेलन**

कलबाइपास सम्बन्धमा निजी सेवा प्रदायकहरुमाथिको नेपाल प्रहरीको हस्तक्षेप तथा त्यसका असरका सम्बन्धमा यस संस्थाले विभिन्न विषयहरुमा विचार विमर्श गर्न विभिन्न क्षेत्रका व्यक्तिहरुलाई निमन्त्रणा गरी मिति २०६७/१०/१८ गते DECC मा पत्रकार सम्मेलन सम्पन्न गरेको थियो भने मिति २०७/१२/२५ मा नेपाल दूरसंचार प्राधिकरणलाई ज्ञापनपत्र पठाएको थियो ।

## नेपाल प्रहरीसँगको समन्वय

कलबाइपास सम्बन्धी घटनाको छानविनमा निष्क्षता, पारदर्शीता र कानुनको प्रक्रिया अवलम्बन गर्न विभिन्न स्तरमा छलफल तथा सहमति भएकाछन् । यसै सिलसिलामा प्राधिकरण, नेपाल प्रहरी र यस संघका पदाधिकारीहरुको संयुक्त समन्वयन कमिट गठन थियो । फलस्वरुप केन्द्रीय अनुसन्धान व्यूरोको Operation Voip Fox मा संलग्न प्रहरी र अन्य सम्बन्धित संस्थाका कर्मचारीलाई अबैध VOIP संचालन विधि र त्यसको अनुसन्धानका लागि आवश्यक तालिम दिने सम्बन्धी दुवै पक्षबीच सहमती भएको थियो ।

यस्तो संवादको क्रममा गृह मन्त्रालय, सूचना तथा संचार मन्त्रालयका पदाधिकारी, नेपाल दूरसंचार प्राधिकरणका पदाधिकारी, नेपाल प्रहरी र यस संस्थाका पदाधिकारी बिच होटेल अर्किडमा छलफल गरी कलबाइपास सम्बन्धी समस्या समाधानको छलफल भएको थियो । यस छलफलमा कुनैपनि कलबाइपास सम्बन्धी अनुसन्धान गरी छापामार्दा संघको प्रतिनिधि अनिवार्य राखिने सहमति भएको थियो । यसै गरी मिति २०६८/१/२९ गते केन्द्रिय अनुसन्धान व्यूरोमा VOIP संचालनलाई नियन्त्रण गर्ने सम्बन्धमा छलफल भएको थियो । यस छलफलमा कुनै ग्राहकको गतिविधि सम्बन्धी शंका लागेमा उक्त IP माथि सम्बन्धित इन्टरनेट सेवा प्रदायक कम्पनीले नै निगरानी राख्ने सहमती भएको थियो ।

## भविष्यका योजनाहरु

संघलाई मजवुद बनाउनका लागि समितिसदस्यहरुले निम्नानुसारका योजनाहरु तयार पारिएका छन्:

१. सचिवालयलाई थप दुरुस्त बनाउने,

२. इन्टरनेटको नियमन, इन्टरनेट सम्बन्धी उदार नीति तथा कानुन तर्जुमा गर्न थप पहल गर्ने,

३. फिक्वेन्सी वितरण तथा अन्य विषयमा संघका सदस्यको हितमा अधिकतम पहल गर्ने,

धन्यवाद ।

.....................

(पवन प्रधान)

महासचिव